२०६२/३/२६
कान्तिपुर

# लक्षित वर्गको कार्यक्रममा 'बिचौलिया'

**ठाकुरसिंह थारू**

बाँके- जिल्ला विकास समितिले पिछडिएको दलित, विपन्न महिला, आदिवासी, मधेसी, मुस्लिम, लोपोन्मुख समुदायका लागि अघिल्लो वर्ष ५० लाख रुपैयाँ खर्च गर्‍यो। आधा करोडका दरले ६ वर्षदेखि हरेक वर्ष खर्च गर्दा पनि लक्षित समुदायमा उपलब्धि देखिएन। कारण, कतिपय लक्षित वर्गसम्म उक्त रकम पुगेन। कतिपयले जानकारी नै पाएनन्। उनीहरूलाई सशक्तीकरण गर्ने भन्दै तालिम, गोष्ठीमा नै सबै रकम सकियो।

हरेक वर्ष ५० लाखको हाराहारीमा खर्च गर्ने तर समुदायमा कुनै परिवर्तन नआएपछि जिविसले यस वर्ष पहिलोपल्ट सीधै लक्षित समुदायमा रकम पठाएको छ। उसले नागरिक वडा मञ्च र नागरिक सचेतना केन्द्रमा कार्यक्रम पठाएको हो। सोझै समुदायमा रकम पठाएपछि सदुपयोग हुन थालेको छ। 'गत वर्षहरूमा त्यो बजेट कहाँ जान्थ्यो मलाई जानकारी भएन। यस वर्ष हामीलाई सोझै पठाइएपछि अपांग, अति विपन्न र कमजोर परिवारका १२ जनालाई आयआर्जनका लागि यस वर्ष बाख्रा किनेर दिएका छौं,' बिनौना ३ ललहीगाउँका नागरिक वडा मञ्चका संयोजक सीताराम चौधरीले भने, 'जसका लागि सरकारले बजेट पठाएको हो उहाँहरूकै लागि खर्च गरेका छौं।'

जिविसबाट प्राप्त रकम गाउँभरिका स्थानीयको भेलाले निर्णय गरेअनुसार खर्च गरिएको छ। जिविसले गत वर्षहरूमा उक्त शीर्षकको रकम स्थानीय गैरसरकारी संस्थाहरूमार्फत गर्दै आएको थियो। समुदायलाई सशक्तीकरणका नाममा तालिम, छलफल र गोष्ठी सञ्चालनमा सबै रकम खर्च हुने गरेको थियो। तर लक्षित वर्गले त्यसबाट कुनै लाभ पाउन सकेको थिएन। लक्षित वर्गकै कार्यक्रम पाउन केही गैरसरकारी संस्थाहरू पनि दर्ता हुँदै आएका थिए। यस वर्ष सोझै लक्षित वर्गलाई नै कार्यक्रम पठाइपछि त्यस्ता गैरसरकारी संस्थाले नवीकरणसमेत गराएका छैनन्।

'तेस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा प्रभावकारी देखिएन। लक्षित समुदायले पनि कुनै लाभ पाएको पाइएन। त्यसैले यस वर्षदेखि पुरानो परम्परा तोडेर समुदायलाई नै कार्यक्रम दिइएको हो,' बाँकेका स्थानीय विकास अधिकारी जीवलाल भुसालले भने, 'रकम समुदायमा पुगेपछि सदुपयोग भएको छ। उपलब्धि पनि देखिन थालेका छन्।'

हिरमिनियाका नागरिक वडा मञ्चका संयोजक शोभाराम खटिकले लक्षित वर्गको रकम पहिलोपल्ट गाउँमा आएको बताए। गाउँमा आएको ८२ हजार रुपैयाँले १२ विपन्न परिवारका लागि बाख्रा खरिद गरिदिएको उनले बताए। 'गाउँको पैसा गाउँमा पठाउँदा समुदाय आफैंले निर्णय गरेर सम्बन्धित ठाउँमा लगाउँछ। दुरुपयोग हुँदैन,' उनले भने।